

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १५ गते बुधबार ❑ 1 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## महासचिव गुटेरेसद्वारा जलवायु परिवर्तनको असर न्यूनीकरणमा सहयोग गर्ने प्रतिबद्धता

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल भ्रमणमा रहेका महासचिव गुटेरेसले आज पोखरा विमानस्थलमा पत्रकारहरु माझ संक्षिप्त कुरा राख्दै उक्त कुरा बताएका हुन् । मंगलबार बिहान अन्नपूर्ण आधार शिविर(एबीसी) पुगेका उनले विकसित तथा औद्योगिक राष्ट्रका कारण जलवायु परिवर्तन भइरहेको बताउँदै त्यसको नतिजा नेपालले भोगिरहेको उल्लेख गरे । जलवायु परिवर्तनको बढ्दो असरका सन्दर्भमा नेपालको त्यस बिषयमा भूमिका नभएको उनको भनाई थियो । विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली शृङ्खलाको हिउँ दिनप्रतिदिन घटिरहेको उल्लेख गर्दै उनले हिउँ पग्लिएकै कारण पहिरो तथा बाढीले समुदायमा क्षति पुग्न थालेको महासचिव गुटेरेसले बताए । धनी तथा औद्योगिक राष्ट्रलाई जलवायु परिवर्तनको असर न्यूनीकरण हुने गरी प्रविधि तथा उपाय अपनाउन उनले आह्वान गरे । नेपाली सेनाको हेलिकोप्टरबाट अन्नपूर्ण आधार शिविर पुग्नुभएका महासचिव गुटेरेसलाई अन्नपूर्ण गाउँपालिकाका प्रमुख विष्णुबहादुर केसी, छोम्रोङ पर्यटन समितिका पदाधिकारी तथा स्थानीय पर्यटन व्यवसायीले स्वागत गरेका थिए । पोखरा विमानस्थलमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखराका मेयर धनराज आचार्य, पुम्दीकोट कोट बिकास समितिका अध्यक्ष चन्द्रकान्त बराल, पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराल, नेपाल पत्रकार महासघ कास्कीका अध्यक्ष विमला भण्डारीले मायाको चिनो हस्तान्तरण गर्दै विदाई गरेका थिए । नेपाली सेनाको हेलिकोप्टरबाट महासचिव गुटेरेस भैरहवा प्रस्थान गरेका हुन् । त्यसै गरी सोमबार महासचिव गुटेरेस पोखराको नयाँ पर्यटकीय गन्तव्य पोखरा २२ मा रहेको बिशाल महादेवको मुर्ति अवलोकन गरेका थिए भने बुलेका साँझ पोखराको फेवातालमा डुंगा सयर समेत गरेका थिए । यसैबिच, संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसलाई कास्कीको अन्नपूर्ण गाउँपालिका स्थानियले जलवायू परिवर्तनको असरलाई न्यूनिकरण गर्न आग्रह गरे ।



कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं.११ (साविक घान्द्रुक गाविस) मा पर्ने अन्नपूर्ण आधार शिविर (एबीसी) मा मंगलबार बिहान महासचिव गुटेरेसलाई स्वागत गर्दै स्थानियले जलवायु परिवर्तको असर हिमाली क्षेत्रमा पर्न थालेकोले त्यसलाई न्यूनिकरण गर्न आवश्यक पहल गर्न माग गरे । जलवायु परिवर्तनको असरबारे प्रत्यक्ष अनुभव गर्न र स्थानीयसँग कुरा गर्नका लागि एबीसी पुग्नु भएको महासचिव गुटेरेसलाई स्थानीयले झाँकी सहित स्वागत गरिएको थियो । उनको स्वागतको लागि एविसीमा छुट्टै हेलिप्याड बनाइएको स्थानिय भरत गुरुङले बताए । अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णु बहादुर केसी सहितको टोलीले महासचिव गुटेरेस समक्ष जलवायु परिवर्तनका समग्र असरबारे जानकारी गराउर्दै जलवायु परिवर्तन बाट प्रभावित क्षेत्रलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, विकास र समृद्धिमा साथ सहयोग गर्नुपर्ने र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने सम्बन्धि ध्यानाकर्षण गराएका थिए । वडाध्यक्ष हिम गुरुङले पहिलाका चरन क्षेत्र र हिमाल भन्दा तल्लो क्षेत्रका बस्तीमा जलवायूपरिवर्तनले मानव जीवनलाई समस्यामा पार्न थालेको उल्लेख गरे ।

## लुम्बिनीबाट शान्तिको सन्देश प्रवाह गर्दा खुसी लागेको छ : महासचिव गुटेरेस

रासस
काठमाडौं, १४ कार्तिक

नेपाल भ्रमणका क्रममा आज गौतम बुद्धको जन्मस्थल लुम्बिनी आउनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुद्ध जन्मस्थल लुम्बिनीबाट विश्वभर शान्तिको सन्देश प्रवाह गर्न पाउँदा अत्यन्तै खुसी लागेको बताउनुभएको छ ।

उहाँले संसारभर भइरहेका सबै प्रकारका द्वन्द्व अन्त्यका लागि शान्तिभूमिबाट आह्वान गर्नुभएको छ । मंगलबार बिहान पोखराबाट विशेष विमानमार्फत गौतमबुद्ध अन्तरर्ष्ट्रिय विमानस्थल हुँदै लुम्बिनी आइपुग्नुभएका गुटेरेसले विश्व सम्पदा सूचीमा सूचीकृत अशोकस्तम्भ परिसरमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "संसारभर भइरहेका द्वन्द्व अन्त्यका लागि लुम्बिनीबाट आह्वान गर्छु ।" बुद्ध जन्मस्थल लुम्बिनी आउन पाउँदा उहाँले खुसी व्यक्त गर्दै उहाँले इजरायल, प्यालेस्टाइन, युक्रेन, सुडानलगायत देशमा भएको द्वन्द्व अन्त्य गर्न आह्वान पनि गर्नुभयो । उहाँले विश्वभर नै जलवायु परिवर्तनले वातावरणीय क्षेत्रमा पारेको असरप्रति चिन्ता व्यक्त गर्नुभयो । "शान्ति र मानवता अपरिहर्य विषय हुन्, मानवीयता मर्न दिनु हुन्न", उहाँले भन्नुभयो, "बुद्धका सन्देश, पञ्चशीलको सिद्धान्त र राष्ट्रसङ्घको 'मिसन' मिल्दोजुल्दो छ । यो शान्तिको मुहान लुम्बिनी घुमौं र यहाँबाट सबैले सिकौं ।"

त्यस्तै, महासचिव गुटेरेसले शान्ति दीपबाट मायादेवी मन्दिरमा पुगेर दर्शन गर्नुभएको थियो । यसअघि उहाँले शान्तिदीपमा दीप प्रज्ज्वलन गर्नुभयो । शान्तिदीपबाट मायादेवी मन्दिरसम्म उहाँ पैदल जानुभएको थियो । उहाँले वृक्षरोपणसमेत गर्नुभएको छ ।



महासचिव गुटेरेस लुम्बिनी विकास कोषको स्वागत समारोहमा सहभागी हुनुभयो । लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यका अनुसार महासचिवलाई लुम्बिनीमा रहेका विहार, बौद्धधर्मका गुरु, भिक्षुभिक्षुणीसहित लुम्बिनी सांस्कृतिक नगरपालिकाका स्थानीय आमा समूह, थारूलगायत विभिन्न जातीय समूहले शान्ति दीपबाट मायादेवी मन्दिरको दुवैतर्फ बसेर स्वागत गरेका थिए । यसैगरी, महासचिव गुटेरेसले विकास कोषमा राखिएको अतिथि आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्नुभएको छ । महासचिवको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचार-प्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ । बुद्ध जन्मस्थल लुम्बिनीमा पहिलो पटक भ्रमणमा आउनुभएका महासचिव गुटेरेसलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगै संस्कृति, लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती,संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाली, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्यारक्याला लामालगायतले स्वागत गर्नुभएको थियो । महासचिव गुटेरेसलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्विक महत्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराइएको थियो । गुटेरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसङ्घका छैटौं महासचिव हुनुहुन्छ । राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ मा राष्ट्रसङ्घको महासचिवका रूपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव हुनुहुन्छ । राष्ट्रसङ्घका महासचिवका रूपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ ।

## शान्तिको खोज सधैँ मानवताको सर्वोच्च आकांक्षा भएको छ : प्रधानमन्त्री

रासस
काठमाडौं, १४ कार्तिक

पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिको खोज सधैँ मानवताको सर्वोच्च आकांक्षा भएको बताउनुभएको छ ।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई मंगलबार गौतम बुद्ध जन्मस्थल लुम्बिनीमा स्वागत गर्नुहुँदै प्रधानमन्त्री दाहालले देशको परिवर्तन र रूपान्तरणका लागि सङ्घर्षको नेतृत्व गर्ने नेताका रूपमा आफूले शान्ति र द्वन्द्वको मूल्य बुझेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री दाहालले नेपालले शान्ति प्रक्रियालाई सफलता अघि बढाएको अवगत गराउँदै भन्नुभयो, "हाम्रो शान्ति प्रक्रिया समान परिस्थितिको सामना गरिरहेका देश र समाजका लागि राम्रो उदाहरण हुनसक्छ भन्ने हाम्रो विश्वास छ ।" अहिले आफूहरू शान्ति प्रक्रिया-सङ्क्रमणकालीन न्याय प्रणालीको बाँकी काम टुङ्ग्याउनमा संलग्न रहेको उल्लेख गर्दै उहाँले आफ्नो अन्तिम उद्देश्य देशमा दिगो शान्ति र सद्भाव सुनिश्चित गर्नुरहेको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले भन्भुभयो, "अहिले हामी जहाँ उभिरहेका छौँ, भगवान बुद्धको जन्मस्थल, बुद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल मात्र होइन, शान्ति र सद्भावको केन्द्र हो जसले मानवजातिको शाश्वत र प्रबुद्ध शिक्षाको आधारमा व्यापक रूपमा प्रेरणा र मार्गदर्शन गरिरहन्छ ।" उहाँले महासचिव गुटेरेसको लुम्बिनी भ्रमणको विशेष महत्व रहेको र यसले विश्वव्यापी रूपमा समान मूल्यको संरक्षण र प्रवर्द्धन गर्न खोज्ने संयुक्त राष्ट्रसङ्घको बडापत्रबीच अवस्थित सहजीवन सम्बन्धलाई सुदृढ पार्ने धारणा व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले महासचिव गुटेरेसको विश्वव्यापी महत्वको ऐतिहासिकस्थलको भ्रमणको प्रशंसासमेत गर्नुभयो । प्रधानमन्त्री दाहालले लुम्बिनीको विकासमा संयुक्त राष्ट्रसङ्घ लामो समयदेखि संलग्न रहेको उल्लेख गर्दै सन् १९७२ मा जापानी वास्तुकार केन्जो टाङ्गेद्वारा युएनडिपीको सहयोगमा गुरुयोजना सुरू तयार भएको बताउनुभयो । सोही बेलादेखि संयुक्त राष्ट्रसङ्घले शान्ति र सद्भावको प्रवर्द्धन, तीर्थ र पर्यटनको एक प्रमुख केन्द्रको रूपमा लुम्बिनीको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उहाँको भनाइ थियो । सन् १९९७ मा संयुक्त राष्ट्रसङ्घले लुम्बिनीलाई विश्व सम्पदा क्षेत्र घोषणा गर्दै यसको ऐतिहासिक र सांस्कृतिक महत्वलाई विश्वव्यापी मञ्चमा मान्यता दिएको थियो ।



"शान्ति, सद्भाव र करुणा हाम्रा जन्मजात गुण हुन्, जुन हामीले शान्तिका धर्मदूत र नेपालका प्रबुद्ध पुत्र बुद्धबाट पाएका छौँ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "विविधतामा एकता नै हाम्रो शक्ति हो र सद्भाव र सहअस्तित्व नै हाम्रो संस्कृतिको आवश्यक तत्व हो । हामी "भवतु सर्व मङ्गलम्" र "वसुधैव कुटुम्बकम्"मा विश्वास गर्छौं । उहाँले पञ्चशीलका सिद्धान्त, असंलग्नता, संयुक्त राष्ट्रसङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिका मूल्यमान्यताले नेपालको परराष्ट्र नीतिलाई निरन्तरता दिइरहेको बताउनुभयो । "सौहार्दता र भ्रातृत्व हाम्रा अन्तर्राष्ट्रिय संलग्नताका आधारभूत विशेषता हुन् । हामी संयुक्त राष्ट्र सङ्घलाई केन्द्रमा राखेर बहुपक्षीयताप्रतिको हाम्रो प्रतिबद्धतामा अडिग छौँ" उहाँले भन्नुभयो । त्यसैगरी उहाँले हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनमा जलवायु परिवर्तनको प्रभावप्रति विश्वव्यापी ध्यानाकर्षण गर्ने महासचिव गुटेरेसको प्रतिबद्धताको प्रशंसा गर्नुभयो । "तपाईको हिजो खुम्बु क्षेत्रको भ्रमण र आज बिहान अन्नपूर्ण आधार शिविरको भ्रमणको क्रममा तपाईले जलवायु परिवर्तनले हाम्रा जनताको जीवन र जीविकोपार्जनमा कस्तो असर पारेको छ भन्ने नियाल्नुभएको छ । कार्बन उत्सर्जनमा हाम्रो हिस्सा शून्य भए पनि जलवायु परिवर्तनको असर हामीले भोगिरहेका छौँ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामीले विश्वभर शान्ति कायम हुन दिनुपर्छ, शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकार सबैका लागि सबै परिस्थितिमा सबैले कायम राख्नुपर्छ ।" विश्व शान्ति र सुरक्षा सुनिश्चित गर्न सबै प्रकारका असमानता, अन्याय, शोषण, वञ्चितता र गरिबीको अन्त्य गरिनुपर्ने प्रधानमन्त्री दाहालको जोड थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# महासचिव गुटेरेसको नेपाल भ्रमण : पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण

**सिबी अधिकारी/रासस**
काठमाडौं, १४ कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को मैत्रीपूर्ण निमन्त्रणामा नेपाल भ्रमणमा आउनुभएका संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेस आज गौतम बुद्धको जन्मस्थल लुम्बिनी पुग्नुभएको छ। आइतबार यहाँ आइपुग्नुभएका गुटेरेसले काठमाडौँमा राजनीतिक दलका शीर्षस्थ नेतालगायतसँगको भेटपछि सोमबार सगरमाथा क्षेत्र र पर्यटकीय नगरी पोखरा पुग्नुभयो। उहाँले अर्को महत्वपूर्ण पर्यटकीय गन्तव्य अन्नपूर्ण आधारशिविर पुग्नुभयो भने त्यहाँबाट लुम्बिनी पुग्नुभएको हो। उहाँले लुम्बिनीमा करिब डेढ घण्टा बिताउनुहुनेछ।

सगरमाथा र अन्नपूर्ण क्षेत्र तथा पोखरा र लुम्बिनी नेपालका प्रमुख पर्यटकीय गन्तव्यमा पर्छन्। पोखरा आन्तरिक र बाह्य पर्यटकका लागि प्रमुख गन्तव्य मानिन्छ भने सगरमाथा र अन्नपूर्ण क्षेत्र पर्वतारोहण र पदयात्राका लागि विश्वभर चर्चित छन्। साथै लुम्बिनी धार्मिक पर्यटनका दृष्टिले निकै महत्वपूर्ण मानिन्छ। संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेस नेपाल भ्रमणका क्रममा यी महत्वपूर्ण पर्यटकीय गन्तव्यमा पुग्नु र पर्यटन क्षेत्रमा जलवायू परिवर्तनका कारण परेको असरबारे विश्वको ध्यानाकर्षण गराउनुलाई महत्वपूर्ण उपलब्धीका रूपमा हेरिएको छ। मंगलबार विहान नेपाली सेनाको हेलिकोप्टरबाट अन्नपूर्ण आधार शिविर पुग्नुभएका महासचिव गुटेरेसले विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली शृङ्खलाको हिउँ दिनप्रतिदिन घटिरहेको उल्लेख गर्नुहुँदै हिउँ पग्लिएकै कारण पहिरो तथा बाढीले समुदायमा क्षति पुऱ्याइरहेको बताउनुभयो। धनी तथा औद्योगिक राष्ट्रलाई जलवायु परिवर्तनको असर न्यूनीकरण हुने गरी प्रविधि तथा उपाय अपनाउन आह्वान गर्दै उहाँले नेपालमा परिहेको जलवायु परिवर्तनको असरमा सहयोग गर्न आग्रह गर्नुभयो। संयुक्त राष्ट्रसङ्घका महासचिव 'कहाँ जानुहुन्छ ?' भन्ने विषय संसारभरका सञ्चारमाध्यमका लागि 'बिग न्यूज' हुन्छ। त्यसैले महासचिव गुटेरसको नेपाल भ्रमण ऐतिहासिक हुनुका साथै पर्यटकीय विकासका दृष्टिले फलदायी हुने पर्यटन व्यवसायीको विश्वास छ।

विसं २०७९ को बुद्ध जयन्तीका दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण यता लुम्बिनीमा भारतीय पर्यटकको सङ्ख्या बढेको छ। त्यसैगरी २०७५ सालमा भारतीय प्रधानमन्त्रीका रूपमा मोदीको जनकपुर र मुक्तिनाथको दर्शनले पनि ती क्षेत्रमा भारतीय पर्यटक बढेका थिए। विश्वका प्रभावशाली व्यक्तिहरूको भ्रमणले उक्त क्षेत्रको पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने गरेको पाइन्छ। कोराना महामारीलगायतका कारण शिथिल बनेको मुलुकको पर्यटन यतिबेला कोरोना महामारी अघिको अवस्थामा फर्कने क्रममा छ। सम्भवतः नेपालमा विदेशी पर्यटक आगमन सन् २०२३ को अन्त्यसम्ममा कोरोना महामारी सुरु हुनुअघिको अवस्थामा आइपुग्छ। कोरोना महामारी सुरु हुनु अघि सन् २०१९ मा नेपालमा करिब १२ लाख विदेशी पर्यटक आएका थिए भने सन् २०२३ को आठ महिनामा करिब सात लाख विदेशी पर्यटक नेपाल आइपुगेका छन्। यस्तो अवस्थामा महासचिव गुटेरसको नेपाल भ्रमण नेपालको पर्यटन प्रवर्द्धनका लागि कोसेढुङ्गा सावित हुने पर्यटन व्यवसायीको बुझाइ छ। उहाँको नेपाल भ्रमणले विश्वका अन्य पर्यटकलाई नेपाल आउने वातावरण बन्नेमा व्यवसायी ढुक्क देखिन्छन्। होटल सङ्घ नेपाल (हान) का अध्यक्ष विनायक शाह महासचिव गुटेरेसको नेपाल भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुहुन्छ। "संयुक्त राष्ट्रसङ्घका महासचिव कहाँ जानुहुन्छ, के गर्नुहुन्छ र के बोल्नुहुन्छ भन्ने विषय संसारका मिडियाका लागि चासो हुन्छ र बिग न्यूज बन्छ", उहाँले भन्नुभयो, "विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथालगायतका पर्यटकीय गन्तव्यको भ्रमणले विश्वभर नेपालको प्रवर्द्धन हुन्छ, जसले नेपालप्रति विश्व समुदायको चासो बढ्छ।" महासचिव गुटेरेसको भ्रमण राजनीतिक र आर्थिक रूपमा मात्रै नभई पर्यटन प्रवर्द्धनका दृष्टिले समेत महत्वपूर्ण हुनेमा उहाँको विश्वास छ। नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले पूर्ववत् लयमा फर्कन लागेको नेपालको पर्यटन क्षेत्र महासचिव गुटेरेसको भ्रमणले आगामी दिनमा थप चलायमान हुनेमा विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "महासचिव गुटेरेसको सगरमाथा, अन्नपूर्ण, लुम्बिनी, पोखरा र पाटन दरबार क्षेत्रलगायतका गन्तव्यको भ्रमणले नेपालको पर्यटनको विश्वभर प्रवर्द्धन भएको छ। महासचिवले गर्ने 'ट्राभल' संसारभरका सञ्चारमाध्यममा समाचार बन्छ, त्यसैले उहाँको यस भ्रमणबाट ठूलो प्रचारप्रसार भएको छ।" महासचिव गुटेरेसको खुम्बु क्षेत्रको भ्रमणले जलवायु परिवर्तनका कारण वातावरणमा परेको प्रभाव न्यूनीकरण गर्दै दिगो पर्यटन विकासमा यसले विश्वव्यापी रूपमा बहस हुने निर्देशक लामिछानेको भनाइ छ। गुटेरेसले खुम्बु क्षेत्रको भ्रमणका साथै 'एभरेष्ट भ्यु' होटलमा 'लन्च' गर्नुले विश्वभरका 'हाइ इन्ड टुरिस्ट'लाई आकर्षण गर्ने पर्यटन बोर्डको विश्वास छ। छोटो समयमा संसारका अग्ला र उत्कृष्ट हिमाल पनि भ्रमण गर्न सकिने रहेछ भन्ने सन्देश पनि प्रवाह हुने भएकाले नेपालको पर्यटनका लागि महासचिव गुटेरेसको भ्रमण ऐतिहासिक उपलब्धी हुने निर्देशक लामिछानेको बुझाइ छ।

जलवायु परिवर्तन र दिगो पर्यटन विकासको विषय विश्वव्यापी रूपमा उठिरहेको सन्दर्भमा महासचिव गुटेरेसको भ्रमणबाट विश्वको ध्यानाकर्षण भएको हानका अध्यक्ष शाहको बुझाइ छ। "नेपालको कूटनीतिक सम्बन्ध, संयुक्त राष्ट्रसङ्घको सदस्यको हिसाबले नेपालले गरेको प्रतिबद्धता त छँदैछ तर, यसले पर्यटन क्षेत्रलाई पनि नयाँ उचाइमा पुऱ्याउँछ। पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्छ।"

# रेजिमेण्टका भूपू मेजर जर्नेल र कर्नेलको समूह पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक



भारतमा रहेका ६४ टोपखाना मैदाने रेजिमेण्टका भूपू मेजर जर्नेल र कर्नेलको समूह पोखरा आएको छ।

रेजिमेण्टका मेजर जर्नेल अरुण कुमार गुप्ताको नेतृत्वमा आठ जनाको समूह पोखरा आएको हो। समूहलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बाजगाजासहित स्वागत गरिएको छ। कास्की, तनहुँ, लमजुङ्ग, बाग्लुङ स्याङ्जा, पर्वतमा रहेका पल्टनका भूपू सैनिकहरुसँग भेटघाटका लागि समूह पोखरा आएको नायक अशोक अधिकारीले जानकारी दिए।

भेटघाटमा क्रममा सो समूहले भूपू सैनिकका गतिविधि, पारिवारिक समस्या र आवश्यकताका बारेमा जानकारी लिने नायक शिव बहादुर के.सीले जानकारी दिए। समूहले एक सय बढी भूपूहरुसँग भेटघाट गर्ने छ। समूहले पोखरा फेवाताल, शान्ति स्तुपा, पुम्दीकोटस्थित शिव मन्दिर, काँहुडाडाँ धरहरा लगायतका क्षेत्रमा अवलोकन गर्ने कार्यक्रम रहेको नायक केसीले वताए।

# पोखरामा रगत अभाव : रक्तदान गर्न आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक

गण्डकी प्रदेशको राजधानी पोखरामा बिरामीका लागि रगत अभाव भएको छ। प्रादेशिक रक्त सञ्चार केन्द्र पोखराले दसैँका समयमा नियमित तालिकाअनुसार रक्तदान कार्यक्रम नहुँदा रगत अभाव भएको जनाएको छ।

रक्त सञ्चार केन्द्रमा रगत अभाव हुन थालेपछि अस्पतालहरूमा उपचाररत बिरामीलाई तत्काल रगत अभाव हुन नदिन सोमबार आकस्मिक रक्तदान कार्यक्रम आयोजनासमेत गरिएको छ। पोखरा-५ जिरो किमीमा गरिएको रक्तदान कार्यक्रमबाट ४० युनिट रगत सङ्कलन भएको रक्त सञ्चार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले बताउनुभयो। उहाँले भन्नुभयो, "दसैँका समयमा विभिन्न सङ्घसंस्थाले गर्ने रक्तदानका कार्यक्रम नियमित हुन सकेनन्। अहिले रगत अभाव भएपछि सबैलाई सहयोग गर्न आग्रह गरेका छौँ। आकस्मिक कार्यक्रम गरेर अभाव टार्ने प्रयास गरेका हौँ।" रक्त सञ्चार केन्द्रले अहिले रगत छैन भनेपछि सबैबाट सहयोग प्राप्त भएको जनाएको छ। सहज आपूर्तिका लागि दैनिक कार्यक्रम हुनुपर्ने प्रमुख ज्ञवालीले बताउनुभयो। प्रदेशको राजधानीसमेत रहेकाले पोखरामा दैनिक ७० देखि ७५ युनिट रगत आवश्यक पर्ने केन्द्रले जनाएको छ। प्रदेशका अन्य जिल्लाबाट समेत यहाँका अस्पतालमा बिरामी उपचारका लागि सिफारिस भएर आउने भएकाले पोखरामा रगतको माग उच्च हुने गर्दछ। आकस्मिक रक्तदान कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनबहादुर थापाले पोखरामा रगत अभाव देखिएको अवस्थामा स्वतःस्फूर्त सहभागिताप्रति आभार व्यक्त गर्नुभयो।

"मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने कार्यप्रति कास्की प्रहरी सदैव जनताको साथमा छ। प्रहरी जनताकै सेवाका लागि रहेको हुँदा जनताको सुरक्षाका साथै जनसेवाका कार्यमा प्रहरी सधैँ साथमा रहन्छ", उहाँले भन्नुभयो। रक्तदान कार्यक्रम आयोजना गरेको अभिभावक गृह कास्कीका अध्यक्ष देवेन्द्र सुवेदीले आकस्मिकरूपमा गरिएको कार्यक्रममा उल्लेख्य सहभागिताप्रति धन्यवाद व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "रगत अभाव भएको थाहा पाएपछि तत्कालै कार्यक्रमको आयोजना गरिएको हो।"


## हेलो सरकार: नागरिक सरोकार

हेलो सरकार किन ?

- ◆नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- ◆कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- ◆सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन,
- ◆सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,

त्यसैले हेलो सरकारमा गुनासो गरौं। सार्वजनिक निकायमा भएका कमी कमजोरी, सेवा प्राप्तिमा बञ्चिती, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौं।

कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको निशुल्क टेलिफोन नम्बर ११११ मा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# श्रीमतीको हत्या गरी आत्महत्या

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ कार्तिक

स्याङ्जाको चापाकोटका एक व्यक्तिले श्रीमतीको हत्या गरी आत्महत्या गरेका छन्। चापाकोट नगरपालिका-७ खासा बस्ने करिव ५५ वर्षीय देवबहादुर विकले ४६ वर्षीया श्रीमती पार्वती विकलाई बन्चरो प्रहर गरेर हत्या गरी आफूले पनि आत्महत्या गरेको चापाकोट इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक विन्देश्वर यादवले जानकारी दिनुभयो।

श्रीमान्‌ले श्रीमतीको घाँटीमा बञ्चरो प्रहार गरी हत्या गरेको र त्यस लगत्तै आफू पनि घर नजिकैको रुखमा झुण्डिएर आत्महत्या गरेको हुनसक्ने घटनाको प्रकृतिले देखाएको उहाँले बताउनुभयो।

साँझ खाना खाएर सुत्न कोठामा गएकी छोरी बिहान उठ्दा आमा बुवा उठेको नदेखेपछि कोठामा हेर्दा आमाको हत्या भएको र बाहिर निस्केर हेर्दा घर नजिकैको रुखमा बुवा झुण्डिरहेको देखेपछि छोरीले छिमेकीलाई खबर गरेको प्रहरी निरीक्षक यादवको भनाइ थियो।

यसअघि पनि बेलाबखत श्रीमतीलाई कुट्ने र झैझगडा हुने गरेको जानकारी पाइएको र हिजो साँझ खाना खाएपछि राति कुन समयमा सो घटना भयो भन्नेबारे यकिन नभएको उहाँले बताउनुभयो। कार्यालयबाट खटिएको प्रहरी टोलीले घटनास्थलको मुचुल्का गरेपछि दुवै शवलाई पोष्टमार्टमका लागि चापाकोट अस्पताल ल्याउने तयारी भईरहेको र घटनाबारे थप अनुसन्धान सुरु भएको निरीक्षक यादवले बताउनुभयो।

# इजरायलमा मारिएका थप दुईसहित सबै नेपालीको शव पहिचान

**रासस**
काठमाडौं, १४ कार्तिक

दक्षिणी इजरायलमा हमास समूहका आक्रमणमा परी मृत्यु भएका १० जना नेपाली विद्यार्थीमध्ये इजरायलमा मारिएका थप दुई नेपालीको शव पहिचान भएको छ।


मधुवन-१ सुनसरीका राजेशकुमार स्वर्णकार र सपही-६ धनुषाका अनन्द साहको शव पहिचान भएको तेल अबिबस्थित नेपाली दूतावासले जनाएको छ। सोमबार साँझ दूतावासले जारी गरेको वक्तव्यमा भनिएको छ, "आवश्यक प्रक्रिया पूरा गरी पहिचान भएका सबै शव यथाशीघ्र स्वदेश पठाउने व्यवस्था मिलाइँदैछ।" दक्षिणी इजरायलमा गत असोज २० गते अर्थात् ७ अक्टोबरमा हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो। उनीहरूमध्ये मधुवन-१ सुनसरीका स्वर्णकार र सपही-६ धनुषाका साहको शव पहिचान हुन बाँकी थियो। दुवैको शव पहिचान भएको तेल अबिबस्थित नेपाली दूतावासले जनाएको छ।

हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० विद्यार्थीमध्ये हालसम्म पाँच जनाको शव नेपाल आइपुगेको छ। हालसम्म बझाङ जयपृथ्वी-६ का गणेशकुमार नेपाली, दार्चुला मालिकार्जन-४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम-५ का दीपेशराज विष्ट, कैलाली घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने तथा कैलाली बौनियाँ-३ का आशीष चौधरीको शव नेपाल ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ। सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत उनीहरू इजरायल गएका थिए। उक्त आक्रमणमा परी मृत्यु हुने अन्य विद्यार्थीमा धनुषा सापही-६ का आनन्द साह, सुनसरी मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटी पचनाली-३ का राजन फुलारा, डोटी लामीखाल-८ का पदम थापा र सल्यान शारदा-३ का प्रवेश भण्डारी छन्।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# पीडितलाई केन्द्रमा राख्न महासचिवको सन्देश

संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसले द्वन्द्वपीडितलाई केन्द्रमा राखेर मात्रै संक्रमणकालीन न्याय टुंगो लगाउनुपर्नेमा जोड दिएका छन् । नेपाल भ्रमणमा रहेका महासचिव गुटेरेसले मंगलबार संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै अन्यायद्वारा त्रसित पीडित व्यक्ति, परिवार र समुदायलाई शान्ति दिने र विगतलाई पूर्णविराम दिन मद्दत गर्ने खालको हुनुपर्ने बताएका छन।शान्ति प्रक्रिया टुङ्गो लगाउन पीडितहरूले न्याय पाउने अवस्था बनाउन सबै क्षेत्रले आवाज उठाउँदै आएका छन ।

“हामीलाई के थाहा छ भने संक्रमणकालीन न्यायमा सफलताको सबैभन्दा ठूलो सम्भावना तब हुन्छ जब यो समावेशी तथा बृहत् हुन्छ र यसको केन्द्रमा पीडितहरू हुन्छन्,” महासचिव गुटेरेसले भनेका कुरामा सरकार र द्वन्द्वमा होमिएका पक्ष सहमत हुनुपर्छ । संक्रमणकालीन न्यायले दिगो शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने महासचिवको धारणा छ। “तर यो सजिलो भने छैन। स्वभाविका रुपमा यो एक नाजुक र जटिल प्रक्रिया हो,” गुटेरेसले भने, “जब यो सत्य, क्षतिपूर्ति र न्यायमा केन्द्रित हुन्छ, त्यतिमा मात्र होइन जब महिलाहरू पूर्ण रूपमा सहभागी हुन्छन् र यसका अतिरिक्त जब मानव अधिकार उल्लङ्घनका सबै पीडितले अर्थपूर्ण समाधान पाउन सक्छन् । सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संस्थाको महासचिवको भनाइलाई नेपालका दलहरूले गम्भीरतासाथ लिनुपर्छ ।

सर्वोच्च अदालतको आदेश, अन्तर्राष्ट्रिय मापदण्ड तथा द्वन्द्वपीडितका आवश्यकता पूरा गर्ने गरी शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउनुपर्ने महासचिव गुटरेस सँग फरक मत राख्नेको पनि विचार प्रवाह गर्नपाउनु पर्छ । सङ्क्रमणकालीन न्याय दिनुपर्ने, त्यो अनावश्यक रुपले लम्बियो, ढिला भयो । शान्ति प्रक्रिया पूरा होस् भन्ने संयुक्त राष्ट्र संघको चाहना छ। यो छिटो पूरा गर्न अन्तर्राष्ट्रिय चासो, दबाब सिर्जना भएको छ।” यस विषयमा देशमा प्रमुख दल र नेताको धारणा फरक हुँदा यसले असर पार्न सक्नेछ ।

लामो समय शान्ति प्रक्रिया टुङ्गोमा पुग्न नसक्नुका पछाडि राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै कारण रहेको छ।“शान्ति प्रक्रिया टुङ्गियो भने शान्ति र स्थीर भयो भने नेपाललाई खेलाउन पाउँदैन । अनमिन पनि खेदाउने, शान्ति प्रक्रिया पूरा नगर्ने, सूक्ष्म व्यवस्थापन गर्ने । त्यो चाहना राख्ने शक्तिहरु पनि राष्ट्रिय, अन्तर्राष्ट्रिय दुवै कारणले लम्बियो ।” भूराजनीति महत्वको देश भएकाले नेपालको शान्ति प्रक्रिया छिटो टुङ्गोमा पुगाउनुपर्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपालद्वारा मलेसिया छ विकेटले पराजित

**रासस**
काठमाडौं, १४ कार्तिक

आइसिसी ट्वान्टी-२० विश्वकप एसिया छनोटअन्तर्गत मंगलबार भएको खेलमा नेपालले मलेसियालाई छ विकेटले पराजित गरेको छ । जारी प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जीत हो। यसअघि हिजो भएको पहिलो खेलमा नेपालले सिंगापुरलाई आठ विकेटले पराजित गरेको थियो । कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको मलेसियाले प्रस्तुत गरेको एक सय ६६ रनको लक्ष्य नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालको जीतका लागि कुशल मल्लले बिस्फोटक ब्याटिङ गर्दै अर्धशतकीय पारी खेले । उनले ३४ मा सात छक्का र दुई चौकासहित ६५ रन बनाए। साथै ओपनर कुशल भुर्तेलले चार छक्का र चार चौकाको सहयोगमा महत्वपूर्ण ४३ रन र आशिफ सेखले दुई छक्का र एक चौकाको सहयोगमा ३२ रन बनाए। त्यसैगरी सन्दीप जोराले १८ र कप्तान रोहित पौडेल र विवेक यादवले दुई/दुई रन बनाए । मलेसियाका लागि मोहम्मद अमिरले तीन र पवनदीप सिंहले एक विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ६५ रन बनायो । मलेसियाले राम्रो सुरुवात गरे पनि मध्यक्रमका ब्याटर चल्न सकेनन् । उसका लागि ओपनर एवम् विकेटकिपर सैयद अजिजले सर्वाधिक ६८ रन बनाए । उनले ४९ बलमा दुई छक्का र आठ चौका प्रहार गरे । साथै जुवैदी जुल्किल्फले २४, शाविन मेनाइडी र विजय उन्नीले समान १३ /१३ रन बनाए। नेपालका लागि अविनाश बोहोराले चार विकेट लिए भने सन्दीप लामिछाने, गुलसन झा रोहित पौडेलले एक/एक विकेट लिए । नेपाल प्रतियोगिताको समूह एमा छ। नेपालको समूहमा सिंगापुर, मलेसिया, ओमान छन् भने समूह बीमा संयुक्त अरब इमिरेट्स (यूएई), हङकङ, बहराइन र कुबेत छन् । नेपालले तेस्रो खेल यही कात्तिक १६ गते ओमानसँग खेल्नेछ।

# तनहुँमा नियन्त्रणमा आएन डेङ्गु

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ कार्तिक

तनहुँमा दैनिक डेङ्गु सङ्क्रमितको सङ्ख्या बढ्ने क्रम जारी रहेको छ । करिब दुई महिनाअघि देखि फैलिएको डेङ्गु अझै नियन्त्रणमा आउन सकेको छैन ।

जिल्लामा हाल छ हजार चार सय ८४ डेङ्गु सङ्क्रमित रहेको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो। डेङ्गु सङ्क्रमितका कारण निजी क्लिनिक र अस्पतालमा दैनिक भीडभाड हुने गरेको छ । व्यास नगरपालिकामा मात्रै पाँच हजार चार सय १५ डेङ्गु सङ्क्रमित रहेका छन् ।

व्यासको सबैभन्दा बढी व्यास-१ मा एक हजार चार सय ३०, वडा नं २ मा एक हजार तीन सय ४९, वडा नं ३ छ सय ३१, वडा नं ४ मा नौ सय ५४, वडा नं ५ मा दुई सय ५९, वडा नं ६ मा ९२ र वडा नं ७ मा ७४ जना रहेका हुन्। त्यसैगरी, वडा नं ८ मा १४, वडा नं ९ मा ७५, वडा नं १० मा एक सय ८२, वडा नं ११ मा एक सय ६३, वडा नं १२ मा ७०, वडा नं १३ मा ८४ र वडा नं १४ मा ३४ जना सङ्क्रमित रहेका छन् ।

सङ्क्रमित हुनेमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको व्यास नगर स्वास्थ्य शाखाका प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । उहाँका अनुसार ५४ प्रतिशत महिला र ४६ प्रतिशत पुरुष सङ्क्रमित भएका छन् । कूल सङ्क्रमितको ८४ प्रतिशत व्यास नगरपालिकामा मात्रै रहेको तथ्याङ्कमा उल्लेख छ। जिल्लाको अन्य पालिकामा शुक्लागण्डकी नगरपालिकामा चार सय, ऋषिङ गाउँपालिकामा एक सय ८९, भिमाद नगरपालिकामा एक सय ८०, म्याग्दे गाउँपालिकामा एक सय तीन, भानु नगरपालिकामा ८३, बन्दीपुर गाउँपालिकामा ४६, आँबुखैरेनी गाउँपालिकामा ३९, देवघाट गाउँपालिकामा १४ र घिरिङ गाउँपालिकामा नौजना सङ्क्रमित भएका छन् । वयस्क एडिज जातको लामखुट्टेको टोकाइबाट बच्नु नै उत्तम उपाय भएकाले घर वरिपरि पानी जम्न नदिने, सुत्दा झूल प्रयोग गर्ने, पूरा बाउला भएका कपडा लगाउनेजस्ता कुरामा सतर्कता अपनाउनुपर्ने दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले बताउनुभयो ।

# प्लास्टिकजन्य सामग्री विस्थापित गर्न गाउँमा टपरी उद्योग सञ्चालन

**पोखरापत्र संवाददाता**
गोरखा, १४ कार्तिक

ग्रामीण क्षेत्रमा बढ्दो प्लास्टिकजन्य सामग्रीलाई विस्थापित गर्न महिलाले व्यावसायिक टपरी उद्योग सञ्चालनमा ल्याएका छन् । गोरखाको सहिद लखन गाउँपालिका-७ बुङ्कोटस्थित खाब्दीभन्ज्याङमा महिलाले टपरी उद्योग सञ्चालनमा ल्याएका हुन् ।

बुङ्कोट सामुदायिक सेवा केन्द्रले लगनशील आयआर्जन महिला समूहमा आबद्ध महिलाको सहभागितामा उद्योग सञ्चालनमा ल्याएर सालको पातबाट टपरी, बोतालगायत उत्पादन गर्न सुरु गरेको केन्द्रकी अध्यक्ष दुर्गा गरन्जा मगरले बताउनुभयो । पालिकाभित्र अधिकांश भोजभतेरमा प्लास्टिकबाट बनेका सामग्री प्रयोग हुन थालेपछि त्यसलाई विस्थापित गर्न टपरी उद्योग सञ्चालनमा ल्याइएको हो। “पछिल्लो समय भोजभतेरमा मात्र होइन हरेकजसो चिया पसल र घरको भान्सामा समेत प्लास्टिकका गिलास, प्लेट चम्चाको प्रयोग बढ्न थाल्यो”, उहाँले भन्नुभयो, “प्लाटिकबाट बनेका सामग्री प्रयोग गरिसकेपछि त्यसको व्यवस्थापनमा कठिनाइ हुने, वातावरण पनि प्रदूषित हुने भएकाले सालको पातबाट बनेको टपरी र बोता प्रयोगमा प्रोत्साहन गर्न उद्योग सुरु गरिएको छ ।” प्लास्टिकका प्लेट, गिलास, चम्चालगायतका सामान प्रयोग गर्दा मात्र नभई नष्ट गर्दा समेत त्यसबाट निस्कने प्रदूषणले स्वास्थ्यमा असर पुऱ्याउने हुँदा सालको पातबाट बनाइएका सामग्री प्रयोग गर्नु राम्रो हुने भएकाले जङ्गलमा खेर गइरहेका पातबाट गाउँमै दुना, टपरीलगायत उत्पादन गर्न थालिएको अध्यक्ष मगरको भनाइ छ।

“हाम्रा सामुदायिक वनमा खेर गइरहेका सालका पात अहिलेसम्म हामीलाई पैसा पर्दैन”, उहाँले भन्नभुयो, “बिरुवाको संरक्षण गरेर पात सहजै ल्याउन सकिन्छ, त्यसबाट टपरी र बोता उत्पादन गऱ्यौँ भने दिदीबहिनीको खेर गइरहेको समय पनि सदुपयोग हुने, आयआर्जन पनि हुने र प्लास्टिकजन्य सामग्रीको प्रयोग गर्न पनि पर्दैन ।” उद्योगबाट स्थानीय महिलाको आयआर्जन वृद्धिमा सहयोग पुग्ने केन्द्रकी परिचालक गीता श्रेष्ठले जानकारी दिनुभयो । “रु दुई लाखमा मेसिन खरिद गरेर उद्योग सुरु गरिएको हो”, उहाँले भन्नुभयो, “फुर्सदको समयमा समूहका सदस्यले जङ्गलबाट पात सङ्कलन गरेर ल्याउने र मेसिनबाट टपरी उत्पादन गर्ने गर्छौं ।” महिला समूहमा १४ महिला आबद्ध छन् । उद्योगबाट अहिले टपरी बोता (दुना)लगायत उत्पादन गर्ने गरिएको छ। उत्पादित टपरी प्रतिगोटा रु सात र बोता प्रतिगोटा रु पाँचमा बिक्री हुने गरेको श्रेष्ठले जानकारी दिनुभयो। उत्पादन गर्नसके बजारको समस्या नरहेको उहाँको भनाइ छ । “अहिलेसम्म बजारको कुनै समस्या भएको छैन, जति उत्पादन भयो त्यति बिक्री भइरहेको छ”, श्रेष्ठले भन्नुभयो। उद्योगमा उत्पादित सामग्री स्थानीयस्तरमा नै खपत हुने गरेको उहाँले बताउनुभयो।

उद्योगमा टपरी र बोता उत्पादन गरेर राख्ने र माग भएपछि बजारमा पठाउने गरिएको छ। “महिला समूहका दिदीबहिनी वनमा गएर सालको पात टिपेर ल्याउनुहुन्छ, उत्पादित सामग्री बिक्रीबाट हुने आम्दानी महिला समूह र सिकाइ केन्द्रले लिने गरेको छ”, उहाँले भन्नुभयो । चाडपर्व, विवाह, व्रतबन्ध, भोजभतेरलगायत सामूहिक कार्यक्रम गर्दा स्थानीयस्तरमा उद्योगमा उत्पादित सामग्री बिक्री हुँदै आएको छ।

स्थानीवासी सचेत भएका कारण पनि उत्पादित सामग्रीको बजार समस्या नहुने श्रेष्ठले विश्वास व्यक्त गर्नुभयो । पर्याप्त प्रचार-प्रसार गर्न सके यसको माग अझै बढ्न सक्ने छ। जुनसुकै ठाउँबाट माग आए पनि सामान उत्पादन गरी पुऱ्याउन सकिने उद्योगले जनाएको छ।


## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खानीगाउँ, पर्वत
### गण्डकी प्रदेश, नेपाल

**ढुंगा गिटी वालुवाको बिक्री मूल्य तथा निकासी कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०७/१५**

फलेवास नगरपालिकाको तेह्रौं नगर सभाको निर्णय तथा नगर कार्यपालिकाको निर्णय अनुसार आफ्नो क्षेत्रभित्रका खोला नदीहरुबाट आ.व. ०८०/८१ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको बिक्री मूल्य तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न दोस्रो पटक यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. दरभाउपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको रा.वा. वैंक फलेवास शाखामा रहेको खाता नं. ग-१-१, ३५४०१००३०१०१०००२ मा उल्लिखित दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर (फिर्ता नहुने गरी) पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ। उक्त दिन सार्वजनिक विदा भएमा अर्को दिनको कार्यालय समयभित्र उक्त फर्म खरिद गर्न सकिनेछ।
२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो २:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ।
३. दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र वैंकवाट क श्रेणीको मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको वैंक ग्यारेन्टी लाई समेत मान्यता दिइने छ।
४. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउनु पर्नेछ। तर रु १० लाख भन्दा कम रकमको ठेक्काको रकम एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ। रकम बुझाउँदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए वांकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८१ श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र वैंकवाट क वर्गको मान्यता प्राप्त वैंकको जमानत (ग्यारेन्टी पेश गर्नुपर्नेछ।
६. बिक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.९ (अक्षरुपी नौ मात्र) हुनेछ।
७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयमूले व्यहोर्नु पर्नेछ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।
१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।
११. नियमानुसार असार १ गतेदेखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन। ठेक्काका शर्तहरू सम्झौतामा निर्धारण गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२. कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।
१३. दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
    क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको)।
    ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र)।
    ग. नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्र।

**तपसिल**

| आय ठेक्का नं. | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (भ्याट वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०२।०८०।८१ | कटुवा वगर फनपा ४ मुडिकुवा | ११,८६,४००।- (एघार लाख छ्यासी हजार चार सय मात्र) | रु. १००० |
| ०३।०८०।८१ | वालुवावगर राताढुंगा क्याम्पस पछाडिको वगर फनपा ६ देविस्थान | ४,८०,८००।- (चार लाख असी हजार आठ सय मात्र) | रु. १००० |

# चर्चामा आउन थाले ओझेलका पर्यटकीय गन्तव्य

**डम्मर बुढामगर/रासस**
बागलुङ, १४ कार्तिक

पछिल्लो समय बागलुङमा नयाँ नयाँ पर्यटकीय ठाउँ चर्चामा आउन थालेका छन् । पहिले नै चर्चित रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पनि पर्यटकको सङ्ख्या झण्डै दोब्बरले वृद्धि भएको पाइन्छ। जिल्ला सदरमुकाम बागलुङ बजार आसपासदेखि दूरदराजमा रहेका गन्तव्यमा आधार भूत पर्यटन पूर्वाधार बनी नसक्दा पनि पर्यटकको रोजाइमा पर्न थालेका छन्।

नयाँ पहिचान भएका पर्यटकीय क्षेत्रमध्ये केहीमा मोटर बाटो, केहीमा पदमार्ग पुगेको छ भने कतिपयमा अहिलेसम्म सामान्य गोरेटो बाटोसमेत बनेका छैनन् । यद्यपि आन्तरिक पर्यटक बाटो बनाउँदै गन्तव्यसम्म पुग्ने गरेका छन्। बागलुङ बजार नजिकै रहेको भिरलाँकुरी, निसीखोलाको टाकुरा, तमानखोलाको बराह ताल, नेवारे झरना, नौ बहिनी झरना, ढोरपाटनको जलजलालगायतका ठाउँ पछिल्लो समय चर्चामा आउन थालेका छन्। यी पर्यटकीय ठाउँमध्ये अधिकांशमा अहिले पनि पूर्वाधार बन्न सकेका छैनन् । पर्यटनका हिसाबले बागलुङले सम्भावना बोकेको छ, तर प्रचार-प्रसार र आवश्यक पूर्वाधार निर्माण ढिलाइ गर्दा सोचेअनुसार पर्यटक भित्र्याउन सकेको छैन। तीन राष्ट्रिय सडकले जोडिएको बागलुङले बाह्य पर्यटक भने निकै कम मात्रामा भित्र्याउने गरेको छ।

ढोरपाटन सिकार आरक्षबाहेक अन्य ठाउँमा विदेशी पर्यटक आएको खासै पाइँदैन । पछिल्लो समय बागलुङ र पर्वत जोड्ने नेपालकै लामो झोलुङ्गे पुलमा फाट्टफुट्ट बाह्य पर्यटक देख्न थालिएको छ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले पूर्व-पश्चिम, कालीगण्डकी करिडोरले चीन-भारत र सालझण्डी-ढोरपाटनले तराई-पहाडलाई जोडेको छ। विगतका वर्षमा भन्दा यस वर्ष पर्यटन यामको सुरुआतमै उल्लेख्य पर्यटक बागलुङमा भित्रिएको र नयाँ ठाउँमा पुग्न थालेको पर्यटन विकास समिति बागलुङका अध्यक्ष राजु खड्काले बताउनुभयो । पहिलेको तुलनामा पछिल्लो समय घुमफिर गर्ने संस्कृति बढ्दै जाँदा ओझेलमा रहेका पर्यटकीय ठाउँ चर्चामा आउन थालेको उहाँको भनाइ छ। केही वर्ष अगाडिसम्म पर्यटकीय सम्भावना बोकेका ठाउँमा पुगे पनि त्यसलाई कसैले पनि बाहिर नल्याएको भन्दै अहिले पुग्ने हरेक व्यक्तिले फोटो र भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न थालेपछि धेरै ठाउँ चर्चित बन्दै गएको उहाँको भनाइ छ । नयाँ गन्तव्यलाई थप व्यवस्थित बनाएर प्रचार-प्रसार गरी पर्यटक भित्र्याउनका लागि स्थानीय सरकारले ध्यान दिनुपर्ने अध्यक्ष खड्का बताउनुहुन्छ।

अध्यक्ष खड्काले भन्नुभयो, "सामाजिक सञ्जालले पनि धेरै ओझेलमा रहेका ठाउँलाई बाहिर ल्याउन मद्दत गर्नुका साथै धेरै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन मद्दत पुगेको छ ।" बजार नजिकै भए पनि भिरलाँकुरी अघिल्लो वर्षसम्म गुनामनै थियो तर अहिले दैनिक एक सयको हाराहारीमा पर्यटक पुग्ने गरेको पाइन्छ । बागलुङ बजारबाट हिँडेर करिब ४५ मिनेटमा पुग्न सकिने हुँदा धेरै मान्छे भिरलाँकुरी आउन थालेको स्थानीय सृष्टि आचार्यको भनाइ छ । यहाँबाट बागलुङ बजारसहित थुप्रै हिमशृङ्खला एकैपटक अवलोकन गर्न सकिने हुँदा आन्तरिक पर्यटक आउन थालेको उहाँले बताउनुभयो । धेरैजसो पदयात्रामार्फत भिरलाँकुरी पुग्ने गरेको उहाँ बताउनुहुन्छ।

आचार्यले भन्नुभयो, "यो ठाउँ पहिला सुनसान, स्थानीयले घाँस काट्ने ठाउँ थियो, तर अहिले हरेक दिन मान्छे आउन थालेपछि चहलपहल बढेको छ, यस्तो ठाउँ पर्यटकीय गन्तव्य होला भन्ने कसैले पनि सोचेका थिएनौँ, अहिले 'ट्रेकिङ' गर्नेहरूका लागि यो ठाउँ उपयुक्त बनेको छ, बिदाको दिन अझ बढी पर्यटक आउने गरेका छन् ।" नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन उत्यकाको पूर्वपट्टि पर्छ जलजला। यहाँ पनि पछिल्लो समय धेरै पर्यटक पुग्ने गरेको स्थानीय वीरबहादुर घर्तीले बताउनुभयो । पहिले-पहिले जलजलामा पर्यटक पुग्ने गरे पनि गत वर्षदेखि अझ बढी जान थालेको उहाँको भनाइ छ । ढोरपाटन उपत्यकाबाट पाखाथर, छेन्तुङगाउँ हुँदै जलजला पुग्ने पर्यटकलाई मोटर बाटोले थप सहज बनाएको उहाँले बताउनुभयो।

खाने र बस्ने सुविधाका लागि होटल तथा रेष्टुरेन्ट बढ्दै गएपछि पर्यटक बढेको घर्ती बताउनुहुन्छ। "धेरै पर्यटक ढोरबराह मन्दिर र खापाथरसम्म आएरमात्रै फर्किन्थे, तर अहिले टाढा-टाढा पुग्ने गरेका छन्, पर्यटक आउन थालेसँगै होटल व्यवसाय पनि राम्रो हुँदै गएको छ, पहिले जनैपूर्णिमाका बेलामात्रै पर्यटक ढोरपाटन आउँथे, तर अहिले बाह्रै महिना आउने गरेका छन्", उहाँले भन्नुभयो, "जलजला पुग्न समस्या छैन, सडक बनेको छ, ठाउँ-ठाउँमा गोठ छन्, वरपर जङ्गल र डाँडाकाँडाले पर्यटकलाई आकर्षित गरेको छ, बर्खामा यहाँ थुप्रै गोठ बस्ने गर्छन्।" बागलुङका धेरै चर्चित गन्तव्यमा आधारभूत पूर्वाधार निर्माण नहुँदा ओझेलमा परेका छन् । जिल्लाको मुख्य पर्यटकीय गन्तव्य मानिने गाजाको दह, सहस्रधारा झरना, अर्नाकोट, बराह ताल, बुद्ध हिललगायतका दर्जन बढी ठाउँमा निकै कम पर्यटक पुग्ने गरेका छन्। त्यहाँसम्म पुग्ने सडक तथा पैदलमार्ग सहज नहुँदा पर्यटक कम जाने गरेको पर्यटन विकास समिति बागलुङका अध्यक्ष खड्का बताउनुहुन्छ। मुख्य सडकमै पर्ने गाजाको दहसम्म पुग्ने सडकको अवस्था निकै जोखिमपूर्ण र अप्ठ्यारो हुँदा ओझेलमा परेको उहाँ बताउनुहुन्छ । स्थानीय तुलबहादुर थापाले बागलुङ बजारबाट करिब दुई घण्टा गाडीको यात्रामा पुग्न सकिने गाजाको दह निकै सुन्दर भए पनि पर्यटक कम आएको बताउनुभयो।

पर्यटकले सहजता बढी खोज्ने हुँदा गाजाको दह ओझेलमा परेको उहाँ बताउनुहुन्छ । पहिले कहिलेकाहीँ पैदलयात्रामार्फत विदेशी पर्यटक पुग्ने गरे पनि अहिले सुनसानजस्तै रहेको थापाको भनाइ छ । पर्यटक भित्र्याउनका लागि सरोकारवाला निकायको ध्यान जान जरुरी रहोको उहाँले जानकारी दिनुभयो । तमानखोलाको बराह ताल जिल्लाकै उच्च स्थानमा रहेको छ । यहाँसम्म पुग्ने सहज माध्यम नहुँदा पर्यटक कम मात्रामा जाने गरेका छन्। पर्यटकको सहजताका लागि तमानखोला गाउँपालिकाले यस वर्ष मोटर बाटो निर्माण गरेको छ । मोटर बाटोको स्तरोन्नतिपछि मात्रै तालमा पर्यटक पुग्ने अपेक्षा लिइएको छ।

# 'नर्थ अन्नपूर्ण' आधार शिविरमा शरद्यामममा पनि पर्यटक

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको 'नर्थ' (उत्तरी) आधार शिविरमा शरद्याममा पनि पर्यटक जान थालेका छन्।

नारच्याङबाट आधार शिविर जोड्ने 'मौरिस हर्गोज ट्रेल'मा पदमार्ग, झोलुङ्गे पुल, विश्रामस्थल, आश्रयस्थललगायतका पर्यटन पूर्वाधार तयार र प्रचार-प्रसार भएपछि यसपालिको शरद्याममा पहिलोपटक आन्तरिक पर्यटक पुगेका हुन्। अन्नपुर्ण -४ का वडा सदस्य श्याम पुर्जाले शरद्याममा हिमाल आरोहणका लागि विदेशी पर्यटक नआए पनि देशका विभिन्न ठाउँबाट आएका आन्तरिक पर्यटकको चहलपहल बढेको जानकारी दिनुभयो । "विगतका वर्षमा वसन्त ऋतुमा हिमाल आरोहणका लागि हेलिकोप्टरबाट आउने पर्वतारोहीहरूको चहलपहल हुने अन्नपूर्ण आधार शिविर शरद् याममा सुनसान हुने गर्दथ्यो", उहाँले भन्नुभयो, "दसैँपछि मात्रै दुई सय जनाभन्दा बढी आन्तरिक पर्यटक अन्नपूर्ण आधार शिविर पुगेका छन् ।" नारच्याङबाट कुल ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म निलगिरिखोला जलविद्युत् आयोजनाले २० किलोमिटर सडकको मार्ग खोलेको छ । हुमखोलाबाट आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ । एकैदिन पैदलयात्रा गरेर पुगिने र नयाँ ठाउँ भएकाले 'अतुलनीय स्थान' गन्तव्य घुम्न आएको पोखराका दीपक कार्कीले बताउनुभयो। पोखरा, बेनी, काठमाडौँलगायतका ठाउँबाट टेन्ट, खाने, बस्ने सामान लिएर आधार शिविर पुग्ने गरेका छन् । स्थानीय युवाहरूले पर्यटकलाई घुमाउन लैजाने गरेका छन् । सन १९५० जुन ३ तारिखका दिन फ्रान्सका मौरिस हर्गोजले आठ हजार ७१ मिटर अग्लो अन्नपूर्ण प्रथमालको आरोहण गर्नुभएको थियो। मौरिस हर्जोगले अन्नपूर्ण आरोहण गरेको दुई वर्षपछि सगरमाथाको पहिलो आरोहण भएको थियो।

अन्नपूर्ण पहिलोपटक मानव पाइला परेको आठ हजार मिटर अग्लो हिमाल हो । हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै विसं २०६८ मा 'मौरिज हर्गोज पदमार्ग'को पहिचान गरिएको थियो। अन्नपूर्ण आधार शिविरमा पुग्ने पदमार्ग, झोलुङ्गे पुल, आश्रयस्थललगायतका पूर्वाधार बनाउन पर्यटन मन्त्रालयले रु दुई करोड ८० लाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले रु ४० लाखभन्दा बढी लगानी गरेका छन्। अन्नपूर्ण र निलगिरी हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिने अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरकी सुम्निमा बरुवालले बताउनुभयो । अन्नपूर्णको फेदीमा करिब २० हजार वर्गमिटरमा फैलिएको मनोरम पञ्चकुण्ड ताल यहाँका थप आकर्षणको रूपमा रहेको छ । गत जेठ महिनामा म्याग्दीका पत्रकार र जनप्रतिनिधिको टोलीले मौरिस हर्गोज पदमार्ग तथा अन्नपूर्ण आधार शिविरको प्रचार-प्रसारका लागि भ्रमण गरेका थिए। यसैगरी म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) अष्ट्रेलियाले सामाजिक सञ्जाल फेसबुक पेजमार्फत आयोजना गरेको तस्वीर प्रदर्शनीले पनि अन्नपूर्ण आधार शिविरको प्रचार-प्रसार भएको थियो।

प्रवर्द्धनात्मक गतिविधिसँगै अन्नपूर्ण आधार शिविरमा पर्यटक आगमन बढेको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । आधार शिविरमा खाने-बस्ने सुविधा, सञ्चार, खानेपानीलगायत पूर्वाधारका लागि गाउँपालिकाले जोड दिने अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

# बन्दीपुरमा बृहत् स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ कार्तिक

विकोस क्लिनिक फाउण्डेशन अमेरिका र बन्दीपुर अस्पतालको संयुक्त आयोजनामा बन्दीपुरमा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

यही कात्तिक १६ गतेसम्म सञ्चालन हुने पाँच दिने बृहत् निःशुल्क स्वास्थ्य शिविरमा आजसम्म आठ सय बढीले स्वास्थ्य सेवा लिएका छन् । अमेरिकन डा निश्चेल सेचुस्टर, डा डेनिला गोमपेल लगायतका सात जना र शिक्षण अस्पताल काठमाडौँका डा नारायण महत्रा, डा अर्जुन श्रेष्ठ, डा प्रशान्त त्रिपाठी र डा रक्षा त्रिपाठी लगायतका चार गरी ११ जनाको टोली शिविरमा खटिएको जनाइएको छ।

अमेरिकन डाक्टरले स्वास्थ्य मन्त्रालयबाट अनुमति लिई मेडिकल काउन्सिलबाट अस्थायी एनएमसी लिएर बन्दीपुर गाउँपालिका र बन्दीपुर अस्पतालको सहकार्यमा शिविर गरिएको सूचना अधिकारी रामप्रसाद भट्टराईले जानकारी दिनुभयो। विकोस क्लिनिक फाउण्डेशन अमेरिका संस्थाले सन् २००२ देखि बन्दीपुर क्षेत्रमा दुई वर्षको अन्तरालमा शिविर सञ्चालन गर्दै आएकाले यसवर्ष पनि निरन्तरता दिइएको बन्दीपुर अस्पतालले जनाएको छ।

गाउँपालिकामा स्वास्थ्य शिविर आयोजना गरेपछि उपचारका लागि स्थानीयवासी उत्साहका साथ सहभागी भएको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । अमेरिकन र नेपाली चिकित्सकले स्वास्थ्य परीक्षण गर्ने शिविरमा दैनिक नागरिकको भीड लाग्ने गरेको छ।

# पर्वतमा सयपत्री फूलको व्यावसायिक खेती

**पोखरापत्र संवाददाता**
पर्वत, १४ कार्तिक

पर्वतमा पहिलोपटक सयपत्री फूलको व्यावसायिक खेती सुरु गरिएको छ । घर वरिपरी तथा करेसाबारीमा प्राकृतिक कारणले उम्रिएका फूलका बोटबाट उत्पादित फूलले दसैं, तिहार तथा विभिन्न मेला महोत्सवमा माला तथा फूलको प्रयोग गर्दै आए पनि जिल्लामै पहिलो पटक दक्षिण पर्वतको विहादी गाउँपालिका-६, शालिग्रामस्थित हनुमानडाँडाका एक युवाले व्यावसायिकरूपमा फूल खेती सुरु गर्नुभएको हो। स्थानीय मेघनाथ भट्टराईले चालु आर्थिक वर्षदेखि परीक्षणको रूपमा गरिएको फूलखेती सफल भएको छ।

उहाँले भट्टराई पशुपक्षी तथा कृषि फार्ममार्फत व्यक्तिगत लगानीमा झण्डै दुई रोपनी जमिनमा सयपत्री फूल लगाउनुभएको छ । अहिले परीक्षणको रूपमा लगाइएको फूलले बजार राम्रो पाएमा व्यवसाय विस्तार गर्दै जाने योजनासमेत बनाउनुभएको छ । विभिन्न प्रकृतिका सयपत्री फूल बिक्रीबाट यसवर्ष न्यूनतम रु दुई लाखभन्दा बढी आम्दानी हुने उहाँको अपेक्षा छ। तिहारको बेला फूल बिक्रीका लागि स्थानीय सेतीवेणी बजार, हुवास, स्याङ्जा, वालिङलगायत बजारमा पठाउने तयारी गरेकोसमेत भट्टराईले बताउनुभयो । जिल्लाभर फूलको खेतीगर्ने र बिक्रीवितरण गरी आम्दानी गर्ने प्रचलन नभएपपछि उहाँले विभिन्न सञ्चारमाध्यममा देखेको भरमा उक्त खेती गर्न सुरु गर्नुभएको हो । सुरुवातमा रु ५० हजार लगानी गरेर फूलको खेती गरिएको भट्टराईले बताउनुभयो । गत साउनमा लगाइएका सयपत्रीका बिरुवा अहिले फुलेर लटरम्म भएका छन् । नेपालीको दोस्रो ठूलो पर्व तिहारसमेत नजिकिँदै गएका बेला बारीभरी पहेँलपुर बनेको फूलले सहजै बजार पाउने भट्टराईको विश्वास छ। कोदो र मकै खेती हुने बारीमा यस वर्षदेखि फूलखेती गरिएको हो। "मकै लगाए बाँदरले सखाप पारिदिन्छ, त्यो भन्दा फूलखेती गरेमा धेरै आम्दानी गर्न सकिएला भन्ने ठानेर कोदो र मकैको सट्टा फूलखेती गरेको हुँ ।" उहाँले भन्नुभयो । यसअघि पर्वतका सातवटै पालिकामा यसरी व्यावसायिकरूपमा फूल लगाएको नपाइएको पर्वत उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपी अधिकारीले बताउनुभयो । उहाँले अन्य समयभन्दा तिहारको बेला बाहिरवाट लाखौँको फूल र माला आयात हुने गरेको बताउँदै जिल्लामै उत्पादन भएमा फूल आयात गरिरहनुनपर्ने समेत बताउनुभयो।

बाह्रैमास सयपत्री उत्पादन गर्न सकेमा कुनैपनि सभा समारोहमा बाहिरबाट फूल आयात गर्न नपर्ने र व्यावसायीले समेत मनग्गे आम्दानी गर्न सकिने अध्यक्ष अधिकारीले जानकारी दिनुभयो। विहादी गाउँपालिका-६ शालिग्रामका वडाध्यक्ष मोहन बस्यालले जिल्लामै व्यावसायिक रूपमा सयपत्रीको फूलको खेती गर्ने भट्टराई पहिलो किसान भएको जिकिर गर्नुभयो।

वडामा उद्यमशील बन्छु भन्ने हरेक नागरिकलाई आफूले जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको बताउँदै उहाँले मौसमी तथा बेमौसमी सयपत्री फूलको व्यावसायिक खेती टिकाउन सके विदेशबाट आयातित फूल र प्लास्टिकका माला विस्थापित हुने र वातावरणीय प्रदूषण हट्ने जानकारी दिनुभयो । तिहारमा जतिसक्दो प्राकृतिक फूलबाट बनेका माला लगाएर स्थानीय फूल उद्यमीलाई प्रवर्द्धन गर्नसमेत आग्रह गर्दै वडाध्यक्ष बस्यालले यस अघि एक रोपनी क्षेत्रफलमा अदुवा, बेसार र खुर्सानी लगाउने किसानलाई प्रति व्यक्ति रु २० हजार अनुदान उपलब्ध गराएको बताउनुभयो।

# थानीमाईमा फूलको डोली भित्र्याउनेको भीड

**पोखरापत्र संवाददाता**
दमौली, १४ कार्तिक

तनहुँको प्रसिद्ध थानीमाई मन्दिरमा फूलको डोली भित्र्याउन मंगलबार बिहानैदेखि भक्तजनको भीड लागेको छ। भानु नगरपालिका-७ बसन्तपुरमा अवस्थित सो मन्दिरमा फूलको डोली लिएर आउनेभक्तजनको भीड बिहानैदेखि बढेको हो।

मन्दिरमा बिहानैदेखि हजारौँको सङ्ख्यामा भक्तजनको आगमन भइरहेको स्थानीयवासी मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो । प्रत्येक वर्ष कात्तिक, मङ्सिर, माघ र फागुन महिनाको मङ्गलबार थानीमाई मन्दिरमा देशका विभिन्न ठाउँबाट आएका भक्तजनले फूलको डोली चढाउने गर्दछन् । "बिहानैदेखि भक्तजनको आगमन भइरहेको छ, भीड बढ्दो अवस्थामा छ, आउने क्रम जारी छ," उहाँले भन्नुभयो।

मन्दिर संरक्षण समितिका अध्यक्ष जीवन थापामगरले कात्तिक महिनाको मङ्गलबार फूलको डोली भित्र्याउन देशका विभिन्न ठाउँबाट भक्तजन आउने जानकारी दिनुभयो। यहाँ तनहुँका अलवा चितवन, गोरखा, लमजुङ, नवलपुर, काठमाडौँलगायत जिल्लाबाट भक्तजन यहाँ आउने गरेको उहाँले बताउनुभयो। अध्यक्ष थापामगरले भन्नुभयो,"थानीमाईमा पूजाअर्चना गरे मनले चिताएको पूरा हुने धार्मिक विश्वास छ, यसै कारण यो ठाउँ धार्मिक आस्थाको केन्द्रको रूपमा विकास भइरहेको छ।" पृथ्वीराजमार्गअन्तर्गत तनहुँको डुम्रे बजारदेखि भानुको भन्सार हुँदै बसन्तपुर पुगिन्छ। भक्तजन फूलको डोली र पञ्चैबाजासहित थानीमाई मन्दिरको तीनपटक नाचगान गर्दै परिक्रमा गर्दछन्। परिक्रमापछि माथि थुम्कामा रहेको मन्दिर परिसरमा रहेका देवलहरूमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ। त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो भाकल पूरा भएको भन्दै पूजाअर्चना गरिन्छ । बाजागाजा र ध्वजापताकासहित थानीमाईको जयजयकारले बसन्तपुर क्षेत्र गुञ्जिने गरेको छ । उक्त मन्दिर धार्मिक आस्थाको केन्द्रविन्दुको रूपमा विकसित हुन थालेको छ। मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ यहाँ विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन्। सोमबार सत्यनारायणको पूजा गरी फूलको डोली तयार गर्ने र थानीमाई मन्दिरमा फूलको डोली चढाउने परम्परा रहँदै आएको छ।


## घामी जोङ्ग होटल निर्माण तथा संचालनको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१५)**

गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं.०२ मा घामी जोङ्ग प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | घामी जोङ्ग प्रा. लि., लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं. ०२ |
| प्रस्तावको व्यहोरा | घामी जोङ्ग होटल निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, गाउँपालिका | मुस्ताङ जिल्ला, लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं. ०२ |
| कित्ता नं. | ३४०,३४१ |
| कोठा/ बेड | १७/४० |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री लो-घेकर दामोदरकुण्ड गाउँपालिका, चराङ, मुस्ताङ ।
मोवाइल नं. ९८५७६३९९९९ Email: loghekardamodarkundamun@gmail.com
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं भृकुटीमण्डप, काठमाडौं, नेपाल
फोन : ९७७-१-५३४७०३७ ईमेल : info@tourismdepartment.gov.np
३. श्री घामी जोङ्ग होटल प्रा. लि., लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं. ०२
फोन : ९८४१२२२२९८
४. श्री नेपाल हिमालयन इन्भारोमेन्टल सर्भिसेज प्रा. लि. काठमाडौं फोन : ९८४६४०४११८